प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

# क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम संचालन मापदण्ड, २०७७

*(मन्त्रीस्तरबाट स्वीकृत मितिः २०७७/०६/०२)*

पहिलो संसोधन मिति: २०७८/०२/०७

**प्रस्तावनाः** तरकारी खेतीमा आवद्ध भएका वा हुन चाहने कृषकहरुलाई आफ्नो व्यवसायको आकार वृद्धि गर्न प्रोत्साहन गरी व्यवसायिक खेतीको प्रवर्धन गर्न "क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम" संचालन गर्ने उद्देश्यले “बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७” को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

(क) कृषिसँग सम्बन्धित फर्म/कम्पनी वा कृषक यस कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(ख) दलित, महिला, जनजाति, मुश्लिम, पिछडिएको क्षेत्र, पिछडिएको वर्ग आदिलाई प्राथमिकता दिई कार्यक्रम संचालन गर्नुपर्नेछ।

(ग) तरकारी बालीको खेती गर्नु अगाडी नै सम्बन्धित कार्यालयमा आवेदकले आफूले लगाउने तरकारी बाली, जात, खेती गरिने स्थान र क्षेत्रफल, लगाउने समय, तरकारी बिक्री वितरण गर्ने समय आदी खुलाई प्रस्ताव पेश गर्नुपर्नेछ।

(घ) [1]कार्यक्रममा सहभागी हुने फर्म/कम्पनी/कृषकले कम्तिमा २ रोपनी क्षेत्रफल वा न्युनतम २०० वर्ग मिटर क्षेत्रफलको प्लाष्टिक घरभित्र वार्षिक कम्तीमा दुई सिजन तरकारी खेती गर्नुपर्नेछ तर मनाङ र मुस्ताङ्ग जिल्लाको हकमा कम्तिमा १ रोपनी क्षेत्रफल वा न्यूनतम १०० वर्ग मिटर क्षेत्रफलको प्लाष्टिक घरभित्र वार्षिक कम्तीमा एक सिजन तरकारी खेती गर्नुपर्नेछ।

## २. आर्थिक पक्ष

(क) खुला जमिनमा तरकारी खेती गर्ने कृषकले प्रति रोपनी रु. ३,००० र प्लाष्टिक घरभित्र खेती गर्ने कृषकले प्रति १०० वर्ग मिटर रु. ३,०००/- का दरले प्रोत्साहन स्वरुप नगद अनुदान उपलब्ध गराईनेछ।

(ख) स्थलगत अनुगमन प्रतिवेदनको आधारमा तरकारी बाली लगाई एक सिजनको तरकारी बिक्री वितरण सम्पन्न गरी सोही जग्गामा दोस्रो सिजनमा तरकारी खेती लगाए पश्चात मात्र अनुदान रकम उपलब्ध गराईनेछ। ६ महिना भन्दा लामो बाली अवधि भएका बालीहरुको हकमा उत्पादन बिक्री भए पश्चात मात्र अनुदान रकम उपलब्ध गराईनेछ।

(ग) तरकारी खेती सुरु गरी आवश्यक व्यवस्थापकीय कार्यहरु नगरी तरकारीको उत्पादन नहुने वा न्यून हुने अवस्था रहेमा अनुदान रकम उपलब्ध गराईने छैन ।

---

[1] पहिलो संसोधन, २०७८

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

## ३. प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| **१** | **खेती गरिने क्षेत्रफल (उत्पादनको आकार)[2]** | **२५** |
| (क) | व्यवसायको न्यूनतम आकारका लागि {तरकारी-२ रोपनी जग्गामा खुला खेती (मनाङ र मुस्ताङ्ग जिल्लाको हकमा १ रोपनी) वा २०० वर्गमिटर क्षेत्रफलमा बनाईएको संरक्षित संरचनामा खेती (मनाङ र मुस्ताङ्ग जिल्लाको हकमा १०० वर्गमिटर)} १५ अंक प्रदान गर्ने र थप क्षेत्रफलका लागि खुला जमिनमा प्रति रोपनी तरकारी खेती वापत १ अंकका दरले थप गरी अधिकतम २५ अंकसम्म प्रदान गर्ने वा प्रति १०० वर्गमिटर क्षेत्रफलमा बनाईएको संरक्षित संरचनामा खेती वापत १ अंकका दरले थप गरी अधिकतम २५ अंकसम्म प्रदान गर्ने | २५ |
| **२** | **सिँचाई सुविधा** | **१०** |
| (क) | सिँचाईको सुविधा भएको | १० |
| (ख) | सिँचाईको सुविधा व्यवस्था गर्न सकिने | ५ |
| **३** | **प्रत्यक्ष रोजगारी सिर्जना** | **१५** |
| (क) | ४ जना भन्दा बढी | १५ |
| (ख) | ३ देखि ४ जना | १२ |
| (ग) | ३ जना भन्दा कम | १० |
| **४.** | **बाली सघनता** | **१५** |
| (क) | ३०० प्रतिशत | १५ |
| (ख) | २०० प्रतिशत | १० |
| **५** | **अनुदानको अवस्था** | **१५** |
| (क) | हालसम्म कुनै पनि अनुदान प्राप्त नगरेको | १५ |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ग) | पछिल्लो दुई आ.व. मा. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेता पनि व्यवसाय विस्तारका लागि प्रस्ताव पेश गरेको । | ५ |
| **६.** | **लक्षित वर्ग** (दलित, महिला, जनजाति, मुश्लिम, पिछडिएको क्षेत्र, पिछडिएको वर्ग आदि) | **१०** |
| | **जम्मा** | **९०** |

## ४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० बर्षको करार सम्झौताको प्रतिलिपि।

(ग) व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि।

---

[2] पहिलो संसोधन, २०७८

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

(घ) ५.प्रस्तावको ढाँचाः

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्था/कृषकको नामः | ठेगानाः |
| तरकारी खेती गरिने स्थानको ठेगानाः | प्रोपाईटर/कृषकको नामः<br>सम्पर्क नः |

ख) **सम्बन्धित खेती/व्यवसाय सम्बन्धी विवरण**

**खेती/व्यवसायको नामः .........................................**

| क.सं. | हाल खेती गरिरहेको तरकारी बालीको नाम | हाल खेती गरिएको क्षेत्रफल रोपनीमा | हालको उत्पादन के.जी.मा | कार्यक्रम संचालनबाट थप हुने क्षेत्रफल/आकार रोपनीमा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग) कुल अनुमानित उत्पादनः**

(घ) कुल रोजगारी सिर्जनाः

(ङ) खेती गरिने तरकारी बाली सम्बन्धी विवरण

| क.सं. | तरकारी बालीको नाम | जात | लगाईने क्षेत्रफल रोपनी | कित्ता नं. | बाली रोपिने मिति | तरकारी विक्री सुरु हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| | जम्मा | | | | | |

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

(छ) अन्य व्यवसायिक योजनाः

- नविनतम सोच (खेती/व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस)

- बजार योजना (उत्पादनको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?)

(ज) अन्य विषय केही भए उल्लेख गर्नुहोस्ः